(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८२ साल वैशाख १० गते बुधवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिती**

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

*मिति २०८२।०१।१०*

## मिति २०८२/०१/१० गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. उपभोक्ता समिति गठन गर्न म्याद थप गर्ने सम्वन्धमा ।
३. आर्थिक सहयोग सम्वन्धमा ।
४. वडा नं. ४ को छठघाट निर्माण कार्यको रकम भुक्तानी गर्ने सम्वन्धमा ।
५. आउटडोर जिमको निर्माण कार्य गर्ने र सामग्री खरिद सम्वन्धमा ।
६. डि.पि.आर. गर्ने सम्वन्धमा ।
७. गाउँब्लकको जग्गा नामसारी सम्वन्धमा ।
८. पिडारी आयुर्वेद कार्यालयको नाममा जग्गा नामसारी सम्वन्धमा ।
९. नव प्रवर्तन साझेदारी कोषको फोकल ब्यक्ती तोक्ने सम्वन्धमा ।
१०. नव प्रवर्तन साझेदारी कोषको समिति गठन सम्वन्धमा ।
११. नव प्रवर्तन साझेदारी कोषको योजना छनौट सम्वन्धमा ।
१२ वडा नं ९ को नाला सरसफाईको रकम भुक्तानी सम्वन्धमा ।
१३ आवश्यक सामग्री खरिदको रकम सहयोग गर्ने सम्वन्धमा ।
१४ चापाकल हयाण्डपाइप सम्वन्धमा ।
१५ सशर्त र विशेष अनुदानमा प्रदेश सरकारसँग योजना माग गर्ने सम्वन्धमा ।
१६. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्वन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकामा गत आ.व. २०८०।०८१ मा स्वीकृत देहायका योजना तथा कार्यक्रमहरु तोकिएको समयमा सम्पन्न हुन नसकेको तर उक्त योजना तथा कार्यक्रमहरु यस नगरपालिकाको लागि आवश्यक रहेको र सम्पन्न हुन नसकेको योजना तथा कार्यक्रमहरु अगामी आ.व. मा निरन्तरता दिने भनि तेह्रौं नगरसभाबाट नीतिगत निर्णय नं. १५ मा समेत भएकोले सम्पन्न हुन नसकेका योजना तथा कार्यक्रमहरु गत आ.व. बाट चालु आ.व. को लागि बचत हुने आन्तरिक श्रोत, राजश्व बाँडफाड, समानीकरण बजेटबाट निरन्तरता दिने निर्णय भएको र उपभोक्ता समितिसँग सम्झौता भई सम्पन्न नभएका योजनाहरु २०८१ चैत्र मसान्त सम्म सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग भएको सम्झौताको म्याद सोही समय सम्मको लागि थप गर्ने निर्णय भएको सामाजिक विवादको कारणले गर्दा योजना चैत्र मसान्त भित्र सम्पन्न नभएको उपभोक्ताबाट संचालन भएका योजनाहरुको र १३ औं नगरसभा र १४ औं नगरसभाबाट भएको योजना तथा कार्यक्रमको उपभोक्ता समिति गठन गरी योजनाको सम्झौता गर्ने म्याद २०८२ वैशाख मसान्त सम्म थप गर्ने निर्णय गरयो ।

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर

मिति २०८२।०१।१०

नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८१।०८२ को तेह्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको पत्र मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | राम ईश्वर राय यादव | ४ | हरिपुर | मुटु रोग स्वास्थ्य उपचार | | २०८१।१२।१४ च.नं. १७९४ | ६०००।०० |
| २ | लाल मोहम्द शेष | ९ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।१२।२६ | २०८१।१२।२६ च.नं. ९२५ | ६०००।०० |
| ३ | गुड्डु शेष | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८१।१२।३१ | २०८१।१२।२९ च.नं. १४९३ | १००००।०० |
| ४ | जनकपुर वहिरा संघ | | जनकपुर | विज्ञापन | | २०८१।१२।१३ च.नं. ३७ | ६०००।०० |
| ५ | दिपिया देवी पासवान | २ | हरिपुर | स्वास्थ्य उपचार | | २०८१।१२।१८ च.नं. १४२७ | ६०००।०० |
| ६ | कृष्ण कार्की | २ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।१।६ | २०८२।१।८ च नं १५३५ | १००००।०० |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ मा निर्माण भई सम्पन्न भएको छठघाटको रकम भुक्तानी गर्न यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिकाको वडागत योजनाको चालुगततर्फको पेज नं. ६८ को सि.नं. ९ मा विभिन्न धार्मिक संस्कृतिक जगेरणा कार्य तथा पुजा खर्चको खर्च शिर्षक नं. २२५२९ मा रकम रु. २,००,०००।०० विनियोजन भएको रकम मध्येबाट रकम रु. १,५०,०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. २ हात्तिसार र वडा नं. ७ को चिताईन फिल्डमा आउटडोर जिमको लागि पुर्वाधार निर्माण गर्ने र जिमको लागि चाहिने सामग्री खरिद गर्नको लागि यस नगरपालिकाको यस नगरपालिकाको १४ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको मेशनरी तथा औजारको खर्च शिर्षक नं. ३११२२ मा रकम रु. १०,००,०००।०० विनियोजन भएको रकम मध्येबाट प्राविधिक लागत अनुमान अनुसार खर्च हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो ।

मिति २०८२।०१।१०

प्रस्ताव नं. ६ माथि छलफल गर्दा हरिपुर नगरपालिका अन्तर्गत वडा नं. ७ को पच्छगछिया र चिताइनमा बृहत खानेपानी योजना निर्माणका लागि डि.पि.आर. गर्न यस नगरपालिकाको १४ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत परामर्शमा रकम रु. ३,०००,०००।०० विनियोजन भएको रकम मध्येबाट डि.पि.आर. कार्यको लागि परामर्शसेवा लिन प्रक्रिया अगाडी बढाउने र वडा नं. ४ को रज्वा शिवालय मन्दिरको श्रोतको सुनिश्चता गरी मन्दिरको स्तरोन्नतीका लागि ड.पि.आर. को प्रक्रिया अगाडी बढाउन निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका ६ नं. वडा कार्यालय, हरिपुर, सर्लाहीको प.सं. २०८१।०८२, च.नं. १०६९, मिति २०८१।१२।२७ गतेको प्राप्त पत्रानुसार जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ६ बस्ने नारायण दास तत्माको नाममा गाउँब्लकमा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स. लक्ष्मीपुर (को.) १/क किता नं. ४३ क्षेत्रफल ०,०१८९.२० जग्गा यस नगरपालिका वडा नं. ६ कार्यालयको नाममा रजिष्ट्रेशन गर्ने प्रक्रियाको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिका ९ नं. वडा कार्यालय, हरिपुर, सर्लाहीको प.सं. २०८१।०८२, च.नं. ९७३, मिति २०८२।०१।०८ गतेको प्राप्त पत्रानुसार जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ९ बस्ने मुनिलालको नाति फकिराको छोरा श्री सुर्य नारायण राय यादवको नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स. पिडारी ४ किता नं. ३९८ क्षेत्रफल ०-०-८ जग्गा र यस नगरपालिका ९ नं. वडा कार्यालय, हरिपुर, सर्लाहीको प.सं. २०८१।०८२, च.नं. ९६७, मिति २०८२।०१।०७ गतेको प्राप्त पत्रानुसार जिल्ला सर्लाही हरिपुर नगरपालिका वडा नं. ९ बस्ने ध्यानवचन साहको छोरा बुहारी, विध्यालाल साहको श्रीमति वीन्दा देवी कलवारीनको नाममा दर्ता कायम रहेको जिल्ला सर्लाही गा.वि.स. पिडारी ४ किता नं. ४१८ क्षेत्रफल ०-११-१६ जग्गा मध्ये पश्चिम र दक्षिण तर्फ जग्गाको बाटो समेत छोयको जग्गाबाट ०-१-० जग्गा गरी जम्मा ०-१-८ जग्गा यस नगरपालिका अन्तर्गत पिडारी आयुर्वेद औषधालय, हरिपुर नगरपालिका, सर्लाहीको नाममा रजिष्ट्रेशन गर्ने प्रक्रियाको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं. २०८१।०८२, च.नं. ३०१५, मिति २०८२।०१।०७ गतेको नव प्रवर्तन साझेदारी कोष अवधारणा पेश गर्ने सम्वन्धीको प्राप्त पत्रानुसार उक्त कार्यक्रमको लागि यस कार्यालयको सुचना प्रविधि अधिकृत श्री आनन्द हरि मैनालीलाई फोकल व्यक्ती तोक्ने निर्णय गरयो ।

प्रस्ताव नं. १० माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं. २०८१।०८२, च.नं. ३०१५, मिति २०८२।०१।०७ गतेको नव प्रवर्तन साझेदारी कोष अवधारणा पेश गर्ने सम्वन्धीको प्राप्त पत्रानुसार उक्त कार्यक्रमको लागि प्रमुख प्रशासकीय अधिकृत श्री विनय पौडेलको संयोजकत्वमा देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय

१. विनय पौडेल-प्रमुख प्रशासकीय अधिकृत-संयोजक
२. विवेक कुमार यादव-ईन्जिनियर-सदस्य
३. आनन्द हरि मैनाली-सुचना प्रविधि अधिकृत-सदस्य

मिति २०८२।०१।१०

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं. २०८१।०८२, च.नं. ३०१५, मिति २०८२।०१।०७ गतेको नव प्रवर्तन साझेदारी कोष अवधारणा पेश गर्ने सम्वन्धीको प्राप्त पत्रानुसार उक्त कार्यक्रमको लागि अवधारणा तथा योजना कार्यक्रम यस नगरपालिका फोहोर मैला व्यवस्थापनको अवधारना पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. ९ को प सं २०८१।०८२ च नं ९१२ मिति २०८१।१२।२१ गतेको पत्रानुसार सुर्जलाल साहको घर देखि लखनदेही खोलाको तटबन्ध सम्मको नाला सरसफाई गर्न खटिएका देहायका मजदुरहरुलाई र निर्माण कार्यको लागत अनुमान अनुसार रकम रु १०५२६।०२ यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको पुँजिगत खर्चको पेज नं. ५२ को सि.नं. ७० मा मर्मत सम्भार कोषको खर्च शिर्षक नं. ३११७१ मा रकम रु. २५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट सरधा कुमारीऽ राम किसुन कुर्मीऽ सुरेन्द्र कुमार राउत र राम प्रवेश साहलाई सरसफाई कार्य गरे वापत भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा नं. २ को प सं २०८१।०८२ च नं १५५३ मिति २०८२।१।९ गतेको पत्रानुसार वडा नं २ को सखुवा टोलमा जंगली हाती प्रवेश गरी किसानहरुको खेतीवालीहरु क्षती पुर्याइएको र वडा नं. १ को प सं २०८१।०८२ च नं १२११ मिति २०८२।१।९ गतेको पत्रानुसार जंगली हातीहरुले कृषकहरुको लगाएको मकै तथा बाली नालीहरुमा पटक पटक क्षती पुर्याइएको कारणले उक्त क्षेत्रहरुमा हाती धपाउने आवश्यक सामग्रीहरु खरिद गर्न २ वटाहरुमा २५ हजार। २५ हजारका दरले यस नगरपालिकाको १३ औं नगरसभाको नगरपालिका तर्फको चालुगत खर्चको पेज नं. ४७ को सि.नं. १२१ मा विविध खर्च शिर्षक नं. २२७११ मा रकम रु. १५,००,०००।०० विनियोजन भएको रकम मध्येबाट उक्त २ वटा वडामा सामग्री खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिका र वडा कार्यालयहरुको योजाना अन्तर्गत चापाकल हयाण्डपाइप जडान गर्न अतिगरिव र विपन्न तथा गैरसिमान्कृत दलितको लागि वडाबाट छनौट तथा सिफारिस भई आएको र २ कठा कम घडेरी या खेत भएकालाई १५ प्रतिशत अन्यको लागि २५ प्रतिशत लागत साझेदारीमा रकम संचितकोषमा दाखिला गरी मात्र सम्झौता र कार्यादेश दिइने र सार्वजनिक स्थानमा निशुल्क चापाकल जडान गर्न निर्णय गरियो ।

प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकामा देहायका योजनाहरु सशर्त र विशेषका देहायका योजनाहरुमा प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

विशेष अनुदान

| क सं | योजनाको नाम र ठेगाना | रकम रु |
|---|---|---|
| १ | रज्वा मन्दिर जाने अधुरो सडक स्तरोन्नती कार्य हरिपुर ४ | ४५ लाख |
| २ | वडा कार्यालय देखि फरहदवा गाउँ जानेबाटो सडक स्तरोन्नती कार्य हरिपुर ३ | ३० लाख |

सशर्त कार्यक्रम

| क सं | योजनाको नाम र ठेगाना | रकम रु |
|---|---|---|

मिति २०८२।०१।१०

| | | |
|---|---|---|
| १ | राम प्रसादको घर देखि शिव पार्वती मन्दिर सम्मको सडक स्तरोन्नती कार्य हरिपुर ३ | ४५ लाख |
| २ | नहर देखि इन्द्रपुर जाने सडक स्तरोन्नती कार्य हरिपुर ८ | ४५ लाख |
| ३ | कविताको घर देखि डचामसम्म सडक स्तरोन्नती कार्य | ३० लाख |